## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट यस आ.व.मा विशेष अदालतबाट भएका फैसलामा चित्त नबुझी मिति २०८२/१०/०२ गते सर्वोच्च अदालतमा गरिएको ७३ नं. को निवेदनको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु **प्रदीप अधिकारी, मुरारी भण्डारी, महेश कुमार बस्नेत, अशोक कुमार सुवेदी, सुवर्ण राज उपाध्याय, नारायण गिरी र बाबुराम पौडेल** मु.नं (०८२-CR-००४८) आदेश मिति २०८२।०८।२३ २०८२/०९/१६ २०८२/०९/२४ २०८२/०९/२९ | गैरकानूनी लाभ हानी पुऱ्याई भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• प्रस्तुत मुद्दामा प्रतिबादी मध्येका प्रदीप अधिकारीले बदनियतपुर्ण तरिकाले आफ्नो पद तथा ओहोदाको दुरुपयोग गरी गराई खरिद कार्यमा मूल्याङ्कन समितिले कुनै पनि बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही नरहेका भनी प्रतिवेदन दिएकोमा उक्त बोलपत्रहरु उपर कुनै कारबाही गर्नु नपर्ने बाध्यकारी कानुनी प्रावधान विपरीत हुने गरी लागत बढाउने योजना सहित China CAMC Engineering Co. Ltd. कै संलग्नतामा परियोजनाको लागत २६४.९५८ मिलियन अमेरिकी डलर हुने बेहोरा उल्लेख भई लागत बढाउने गरी पेस हुन आएको Feasibility Study Report माथि जुलाई ९-१६,२०१३ सम्म China CAMC कै प्रतिनिधिसँग छलफल/बैठक गरी सो Feasibility Study Report लाई स्वीकार गरी लागत बढाउने कार्यमा मिलेमतो गरी भूमिका निर्वाह गरेको देखिन्छ। त्यस्तै, प्राधिकरणका तत्कालीन महानिर्देशकले मिति २०७१/०१/१४ मा गठन गरेको Commercial Agreement तयार गर्ने प्राविधिक कमिटिमा रही निज प्रदीप अधिकारीले सारभूत रुपमा प्रभावग्राही नरहेको बोलपत्रदाता China CAMC कम्पनीको स्वार्थ अनुकूल हुने गरी Bidding Document मा भएका सर्त, BoQ Items र Modality लाई समेत परिवर्तन गरी Draft Commercial Agreement लाई अन्तिम स्वरुप दिन China CAMC कम्पनीसँग २९ अप्रिल देखि ६ मे २०१४ (२०७१/०१/१६ देखि २३) सम्म पटक पटक वार्ता गरी २१५.९६५ मिलियन अमेरिकी डलर (भ्याट बाहेक) सम्झौता रकम कायम गर्न मिति २०७१/०१/२३ मा सिफारिस सहित प्रतिवेदन पेस गरेको र सोही प्रतिवेदनसाथ पेस भएको मस्यौदा अनुसार नै Contract Agreement भएको देखिन्छ। सम्झौता पश्चात समेत 01/ATPDD/NPRIA/2011-12, Review Report on Pokhara Regional International Airport for EPC Contract Procedure विषयमा प्रतिवेदन दिन इन्जिनीयरिङ्ग अध्ययन संस्थानलाई निजले ९ सेप्टेम्बर २०१४ (मिति २०७१/०५/२४) मा पत्राचार गरेको देखिन्छ। यसरी प्रस्तुत मुद्दामा साबिक देखिका पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय | **आदेशः**<br>केही प्रतिवादीलाई धरौटी र केहीलाई साधारण तारीख रहनेगरी आदेश भएको।<br>**विशेष अदालतले आदेश गर्दा लिएका आधारहरुः**<br>• प्रतिबादी प्रदीप अधिकारी पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको आयोजना प्रमुखको रूपमा मिति २०७१ देखि २०७४ सम्म र मिति २०७८ माघ देखि सो प्राधिकरणको महानिर्देशकको रूपमा कार्यरत रहेको देखिन्छ भने अर्का प्रतिवादी मुरारी भण्डारी उक्त प्राधिकरणको प्राबिधिक ईन्जिनियरको पदमा रही उक्त बिमानस्थल निर्माणको प्रारम्भिक खरिद प्रकृयासँग सम्बन्धित कार्यमा समेत संलग्न देखिएको।<br>• यि प्रतिवादीद्धय प्रदीप अधिकारी र मुरारी भण्डारीले अनुसन्धानको क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र अदालतमा बयान गर्दा China CAMC Engineering Co.Ltd को Feasibility study report को प्रस्तुतीकरणमा सदस्यको रुपमा सहभागी भई निर्णयमा सही गरेको तथ्यलाई स्वीकार नै गरेको देखिएतापानि विमानस्थलको लागत वढाउने, लागत प्रक्रियाको टिप्पणी उठाउने तथा निर्णय गर्ने कार्यमा संलग्न नभएको भनी बयान गरेको देखिएको।<br>• प्रतिवादी अशोक कुमार सुबेदी, सुबर्णराज उपाध्याय, महेश बस्नेत, नारायण गिरी र वावुराम पौडेल बिमानस्थल निर्माण सम्बन्धमा लागत अनुमान तयार गर्ने, बोलपत्र सम्बन्धी कागज तयार गर्ने, बोलपत्र प्रकाशन सम्बन्धी निर्णय गर्ने, निर्माण कम्पनीसँग सम्झौता गर्ने र रकम भुक्तानी दिने जस्ता जिम्मेवारीका पदमा रहेको नदेखिएको।<br>• नेपाल उडययन प्राधिकरण, China airport | • प्रस्तुत मुद्दामा नेपाल नागरिक उड्डयन प्राधिकरणबाट पोखरा क्षेत्रीय अन्तर्राष्टिय बिमानस्थल निर्माणको लागि EPC (Engineering, procurement Construction) Model बाट गर्नेगरी प्राविधिक र आर्थिक प्रस्ताव अलग अलग खाममा सिलबन्दी गरी पेस गर्ने पद्धति (Sealed Two Envelope System) अन्तर्गत शुरु भएको खरिद प्रकृयाको बोलपत्रको चरणमा प्राबिधिक मूल्याङ्कन गर्दा नै China CAMC Engineering Co.Ltd. लगायतका ३ वटै बोलपत्रदाताले Technical Experience पूरा नगरेको भनी मूल्यांकन प्रतिवेदन पेश भएकोमा खरिद प्रक्रियामा ३ वटै बोलपत्रदाताहरु अनुत्तिर्ण भई खरिद प्रकृया नै रद्द गर्नुपर्ने सार्वजनिक खरिद ऐन नियमका कानूनी प्रावधानहरुको अनिवार्य पालना गर्नु पर्ने कर्तव्य भएका यि राष्ट्र सेवक प्रतिवादीहरुले सो नगरी आर्थिक प्रस्ताव समेत खोलेर मूल्यांकन गरे गराएको देखिन्छ।आर्थिक प्रस्तावको मूल्यांकनमा समेत ३ वटै बोलपत्रदाताले कबोल गरेको रकम प्राधिकरणबाट स्वीकृत लागत अनुमानभन्दा धेरै नै बढी भएकोले सारभूतरुपमा प्रभावग्राही नरहेका भनी मूल्यांकन प्रतिवेदन पेश भैसकेको अबस्थामा सार्बजनिक खरिद ऐन, २०६३ को दफा २३,२४ र २६ समेतका प्रचलित कानून बमोजिम उक्त खरिद प्रकृया रद्द/अस्वीकृत गरी पुनः नयाँ प्रकृयामा जानु पर्नेमा सो नगरी बदनियतपुर्बक अगाडी वढाएको प्रष्टै देखिन्छ।सार्वजनिक खरिद ऐन नियमको ठाडै उल्लघन हुने गरि खरिद प्रक्रियामा बोलपत्रदाता China CAMC Engineering Co.Ltd. ले बदनियतपुर्ण तवरले वार्ताको लागि लिखित प्रस्ताव पेश गरेको प्रष्टै देखिन्छ।सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत सार्बजनिक खरिद ऐन,२०६३ तथा सार्बजनिक खरिद नियमावली,२०६४ बमोजिम बार्ता गर्ने प्राबधान नै नभएको भनी विषय विज्ञ निकायले स्पष्ट राय उपलब्ध गराएको अबस्थामा उक्त राय प्राप्त हुदाँ हुदै जसरी पनि बार्ता मार्फत ठेक्का प्राप्त गर्ने बदनियत राखी China CAMC Engineering Co.Ltd ले वार्ताको लागि पुनःप्रस्ताव पेश गरेको देखिन्छ भने प्राधिकरणका पदाधिकारी/कर्मचारी लगायतका यि प्रतिवादीहरु समेतले कानुन विपरीतको China CAMC Engineering Co.Ltd को वार्ताको प्रस्तावलाई स्वीकार गरेको देखिन्छ। बोलपत्र आह्वान गर्दाको बखत नै जारी भएको BID Document मा पोखरा क्षेत्रीय अन्तर्राष्टिय बिमानस्थलको Master plan लगायतका Feasibility study Report समाबेश भएको, प्रिविड बैठकमा नै सो बिषयलाई प्राधिकरणको तर्फबाट स्पष्ट गरी सोमा सहमत भई China CAMC Engineering Co.Ltd ले बोलपत्र दाखिल गरेकोमा प्रस्ताब स्वीकृतिको जानकारी पाएपश्चात बोलपत्रदाताले पुनः Feasibility study Report तयार गर्नुपर्ने भनी थप शर्त राखी पत्राचार गर्ने कार्य र त्यस्ता सरासर कानून विपरीतका सर्तलाई जानी बुझि सहजरुपमा स्वीकार गरी बाँकी प्रकृयालाई अगाडि बढाउन आमन्त्रण गर्ने प्राधिकरणको उक्त कार्य सार्बजनिक खरिद ऐन, २०६३ बमोजिम अपनाउनु पर्ने पारदर्शीता र प्रतिस्पर्धाका मूलभूत सिद्धान्त प्रतिकुलको भई कानूनको ठाडो उल्लंघन हुने गरी भएका कार्यले यी प्रतिवादीहरुको कसूरजन्य कार्यमा बदनियतपूर्ण संलग्नता थप पुष्टि भएको देखिन्छ।यसको साथै We would like to express our commitment to implement the project remaining within the framework of cost estimate made by Civil Aviation Authority of Nepal भन्ने प्रतिबद्धता सहित बोलपत्रदाता China CAMC Engineering Co.Ltd ले ४ डिसेम्बर २०१२ मा वार्ता गर्ने प्रस्ताव पेस गरेकोमा सोही बोलपत्रदाताले Feasibility study Report तयार गरी सोको आधारमा Bill of quantity and contract price तय हुनु पर्ने भनी सर्त राखी पुनः १४ मार्च २०१३ मा प्राधिकरणलाई पत्राचार गरी कपटपूर्ण तरिकाले परियोजना लागत बढाई आफु समेतले गैरकानूनी लाभ प्राप्त गर्ने बिभिन्न बहाना बनाई सर्तहरू थप गर्दै गएको र उक्त सर्तलाई प्राधिकरणको १७ मार्च २०१३ को पत्रको व्यहोराले स्वीकार गरेको देखिँदा यस्तो कार्यवाट यी प्रतिबादीहरूले एक आपसको मिलोमतो गरी उक्त कम्पनिले पेश गरेको वार्ताको प्रस्ताबलाई नै स्वीकार गरी सम्झौता गरी निर्माण कार्य अगाडी बढाएको भन्ने मिसिल संलग्न कागजातबाट स्थापित भएको छ।यस |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | विमानस्थल निर्माण खरिद सम्बन्धी घट्नाक्रमका बारेमा यी प्रतिवादी प्रदीप अधिकारीलाई राम्रो जानकारी हेक्का हुदाँ हुदै निज संलग्न भई गरेका माथि उल्लिखित कार्य कसूरमा निज जानीबुझी संलग्न भएको र सार्वजनिक खरिद ऐन नियमका अनिवार्य पालना गर्नु पर्ने कानूनी प्रक्रियाका विषय सन्दर्भ अध्ययन गरी आफ्नो तहबाट निर्णय प्रक्रियामा संलग्न भई कार्य अगाडि बढाउँदा कानून विपरितका कार्य रोक्नु पर्नेमा खरिद कार्यको शुरु चरण देखि नै कानून विपरितका कार्यकसूर भए गरेको थाहा जानकारी हुँदा हुँदै बद्नियत राखी यी प्रतिवादीले China CAMC Engineering Co.Ltd., तथा अन्य प्रतिवादीहरुसँग गैरकानूनी स्वार्थ पूरा गर्न मिली सोही अनुरुप मनासिब कारण बिना लागत इष्टिमेट अस्वभाविक रूपमा बढाई संशोधन गरी काम गर्ने गराउने कार्यमा महत्वपुर्ण भुमिका निर्वाह गरेको, अस्वभाविक रूपमा बढी मूल्य तिरी खरिद गर्ने गराउने कार्य कसूरलाई निज राष्ट्रसेवकले आफ्नो पद तथा ओहोदाको दुरुपयोग गरी गराई निरन्तरता दिई निज आफू समेत संलग्न रहेको मिसिल संलग्न सवूद प्रमाणबाट पुष्टी भएको देखिन्छ। प्रतिवादी प्रदीप अधिकारीको सोही कार्य कसूरको आधारबाट बोलपत्र आह्वान गर्दाको बखत स्वीकृत लागत अनुमान १६९,६९७,०००.०० अमेरिकी डलर भन्दा अस्वभाविक रुपमा लागत अनुमान ७४,३४३,४५०.०० अमेरिकी डलर बढाई संशोधन गरी गराई २४४,०४०,४५०.०० अमेरिकी डलर लागत अनुमान कायम गरी गराई अस्वभाविक बढी मूल्य तिरी मनासिव कारण विना यि प्रतिवादी आफू समेत अन्य राष्ट्रसेवक र गैर राष्ट्रसेवक निर्माण व्यवसायी समेतका प्रतिवादीहरुसँगको एक आपसको मिलेमतोमा यि प्रतिवादी समेतले आफूलाई गैरकानूनी लाभ र नेपाल सरकार/सार्वजनिक संस्था/नेपाल नागरिक उड्डयन प्राधिकरणलाई ७४,३४३,४५०.०० अमेरिकी डलर (अक्षरेपि सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर) अर्थात रु.८,३६,७३,५५,२९७।५० (अक्षरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) गैरकानूनी हानी पुऱ्याउने बद्नियतले स्वीकृत लागत अनुमान १६९,६९७,०००.०० अमेरिकी डलर भन्दा अस्वभाविक रुपमा लागत अनुमान | construction group corporation (CACC) र बोलपत्रदाता कम्पनी China CAMC Engineering Co. Ltd. का प्रतिनिधिहरू बीच जुलाई ९ देखि १६, २०१३ सम्म बसेको बैठकमा निर्माण कम्पनी China CAMC Engineering Co.Ltd ले प्रस्तुत गरेको Feasibility study report लाई Highly appreciated भनी भएको माईन्युट पुस्तिकामा महेश कुमार बस्नेत, सुवर्णराज उपाध्याय, नारायण गिरी र वावुराम पौडेलले हस्ताक्षरसम्म गरेको देखिए पनि सम्झौता प्रक्रियामा संलग्न रहेको नदेखिएको। | स्थितिमा तत्काल प्राप्त प्रमाणका आधारमा यि प्रतिवादीहरु कसूरदार हुन भनि विश्वास गर्नु पर्ने मिशिल संलग्न उल्लिखित पर्याप्त सबुद प्रमाण एवं ति प्रमाणबाट कसूरदार भएको देखिने मनासिव आधारहरु हुदाँ हुदै सम्मानित विशेष अदालतवाट थुनछेकको रोहमा प्रमाणको उचित मुल्यांकन भएको देखिदैन। यि प्रतिवादीहरुका हकमा तत्काल प्राप्त प्रमाण एवं निज प्रतिवादीहरु उपरको कसूरको गाम्भिर्यता समेतका आधारमा विशेष अदालत ऐन २०५९ को दफा ७ को देहाय (ङ) बमोजिमको अवस्था भइ सोही अनुरुप आदेश गर्नु पर्नेमा उल्लिखित प्रमाणहरुको विश्लेषण नगरी भएको विशेष अदालतको आदेश वेरितको देखिंदा बदर भागी छ।<br>• पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय बिमानस्थल निर्माणको लागि बोलपत्रदाता China CAMC Engineering Co.Ltd को १४ मार्च २०१३ को पत्रमा उल्लेख भए अनुसार China Airport Construction Group Corporation (CACC) र बोलपत्रदाता कम्पनी China CAMC Engineering Co.Ltd ले तयार गरेको बिमानस्थल निर्माणको लागि २६४.९५८मिलियन अमेरीकी डलर लागत लाग्ने भन्ने समेत व्यहोरा उल्लेख भई तयार भएको Feasibility study Report उपर नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन उपनिर्देशक महेश कुमार बस्नेत, तत्कालीन उपनिर्देशक अशोक कुमार सुबेदी, तत्कालीन उपनिर्देशक सुवर्णराज उपाध्याय, तत्कालीन प्रबन्धक मुरारी भण्डारी, तत्कालीन उपनिर्देशक नारायण गिरी, तत्कालीन उपप्रबन्धक प्रदीप अधिकारी र तत्कालीन निर्देशक वावुराम पौडेल समेतको संलग्नतामा China Airport Construction Group Corporation (CACC) र बोलपत्रदाता कम्पनी China CAMC Engineering Co.Ltd का प्रतिनिधि सहित जुलाई ९ देखि १६,२०१३ (मिति २०७०/०३/२५ देखि २०७०/०४/०१ सम्म) मा बैठक बसी उक्त Feasibility Study Report लाई Highly appreciated भन्दै बैठकले निर्णय माइन्युट गरेको र बिमानस्थल निर्माणको लागि २६४.९५८ मिलियन अमेरीकी डलर लागत लाग्ने भन्ने सम्बन्धमा यि प्रतिवादीहरु समेतले कुनै प्रतिक्रिया उल्लेख नगरी लागत बढ्ने गरि पेश भएको Feasibility Study Report स्वीकार तथा स्वामित्वग्रहण गरेको देखिन्छ। उक्त बैठकबाट भएको निर्णयको आधारमा नै China CAMC Engineering Co.Ltd को बदनियतपुर्ण मिलोमतोमा परियोजना लागत बढाउने उद्देश्यलाई औपचारिक प्रक्रिया भित्र प्रबेश गरे गराएको र सोही Feasibility study Report समेतको आधारमा राय परामर्श दिन भनी नेपाल नागरिक उड्डयन प्राधिकरणले मिति २०७०/०५/२९ मा सर्वोच्च अदालतका पूर्व रजिष्ट्रार डा.रामकृष्ण तिमिल्सिनाको संयोजकत्वमा डा.पुरुषोत्तम डंगोल र विनोदानन्द चौधरी सदस्य रहनेगरी परामर्शदाता टोली गठन गरी उक्त टोलीले मिति २०७०/०७/२९ मा सोही Feasibility study Report समेतलाई आधार मानी २१५.९६५ मिलियन अमेरिकी डलर (मू.अ.कर बाहेक) लागतको सीमा कायम गरी खरिद प्रक्रियालाई निरन्तरता दिन सिफारिस सहितको प्रतिवेदन दिएको देखिन्छ। उक्त परामर्शदाता टोलीको प्रतिवेदन समेतको आधारमा यिनै प्रतिबादी प्रदीप अधिकारी समेत संलग्न Commercial Contract Agreement तयार गर्ने प्राविधिक कमिटिले China CAMC Engineering Co.Ltd कम्पनीकै प्रतिनिधिहरुसँग २९ अप्रिल देखि ६ मे २०१३ (२०७१/०१/१६ देखि २३ सम्म) पटक पटक वार्ता गरी २१५.९६५ मिलियन अमेरिकी डलर (भ्याट बाहेक) सम्झौता रकम कायम गरी खरिद सम्झौता गर्न मिति २०७१/०१/२३ मा सिफारिस सहित प्रतिवेदन पेस गरेको र सोही प्रतिवेदनसाथ पेस भएको मस्यौदा अनुसार नै २२ मे २०१४ (मिति २०७१/०२/०८) मा खरिद सम्झौता (Contract Agreement) भएको देखिंदा देखिंदै मिसिल संलग्न उक्त तत्काल प्राप्त प्रमाणको विवेचना नगरी विशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम थुनामा राखी मुद्दाको पुर्पछ गर्नुपर्ने यी प्रतिवादी प्रदीप अधिकारीको हकमा जम्मा रु.५,००,०००।- र प्रतिवादी मुरारी भण्डारीको हकमा जम्मा रु.१,००,०००।- अत्यन्त न्युन धरौटी माग गरी र अन्य प्रतिवादीहरुलाई साधारण तारिखमा राखे गरी भएको विशेष अदालतको थुनछेक आदेश प्रमाण मूल्यांकनको रोहमा त्रुटीपूर्ण देखिंदा बदर भागी छ।<br>• यसरी उल्लिखित प्रतिबादीहरू महेश कुमार बस्नेत, अशोक कुमार सुबेदी, सुवर्णराज उपाध्याय, मुरारी भण्डारी, नारायण गिरी, प्रदीप अधिकारी र वावुराम पौडेल समेतको संलग्नताको बैठकबाट China CAMC |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ७४,३४३,४५०.०० अमेरिकी डलर बढाई संशोधन गरी गराई २४४,०४०,४५०.०० अमेरिकी डलर बढी मूल्य तिरी मनासिब कारण बिना अन्य राष्ट्रसेवक र गैर राष्ट्रसेवक निर्माण व्यवसायी समेतका प्रतिवादीहरुसँगको एक आपसको मिलेमतोमा यी प्रतिवादी समेतले आफूलाई गैरकानूनी लाभ र नेपाल सरकार/सार्वजनिक संस्था/नेपाल नागरिक उड्डयन प्राधिकरणलाई गैरकानूनी हानी पुऱ्याउने बदनियतले लागत इष्टिमेट अस्वभाविक रूपमा बढाई संशोधन गरी काम गरे गराएको, सोही बढी दायित्व बहन गर्नुपर्ने गरी खरिद कार्यको सम्झौता गरी गराई सोही आधारमा अस्वभाविक रुपमा बढी मूल्य तिरी खरिद गरी गराई सोही बमोजिम भुक्तानी भएको देखिएकोमा प्रदीप अधिकारीको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (घ), (ङ) र (ञ) विपरीतको कसूर भएको हुँदा निज प्रतिवादी प्रदीप अधिकारीलाई बिगो ७,४३,४३,४५०.०० अमेरिकी डलर (अक्षरेपि सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर) अर्थात नेपाली रकम रु.८,३६,७३,५५,२९७।५० (अक्षरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना सजाय गरी बिगो असुल उपर हुन मागदाबी लिइ बिशेष अदालतमा आरोपपत्र दायर गरिएको अवस्था छ।<br>• प्रतिवादी मध्येका अशोक कुमार सुबेदी, सुबर्णराज उपाध्याय, महेश कुमार बस्नेत, मुरारी भण्डारी, नारायण गिरी र वावुराम पौडलले बदनियतपुर्ण तरिकाले आफ्नो पद तथा ओहोदाको दुरुपयोग गरी गराई मूल्याङ्कन समितिले कुनै पनि बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही नरहेका भनी प्रतिवेदन दिएकोमा उक्त बोलपत्रहरु उपर कुनै कारबाही गर्नु नपर्ने बाध्यकारी कानुनी प्रावधान विपरीत हुने गरी लागत बढाउने योजनासहित China CAMC Engineering Co.Ltd. कै संलग्नतामा परियोजनाको लागत बढाउने गरी पेस हुन आएको Feasibility Study Report मा जुलाई ९ देखि १६, २०१३ सम्म China CAMC कै प्रतिनिधिसँग छलफल/बैठक गरी सो Feasibility Study Report लाई स्वीकार गरी लागत | | Engineering Co.Ltd कम्पनीले आफ्नो हितमा हुने र नेपाल सरकार नागरिक उडडयन प्राधिकरण समेतका सार्वजनिक संस्थालाई गैर कानूनी हानी पुर्याउने गरि लागत बढाई तयार पारेको अस्वभाविक Feasibility study Report लाई स्वीकार गरी सोमा उल्लिखित लागत २६४.९५८ मिलियन अमेरिकी डलरको आधारमा प्रतिवादी प्रदीप अधिकारी समेत संलग्न Commercial Contract Agreement तयार गर्ने प्राविधिक कमिटिले पेश गरे अनुसार नै खरिद सम्झौता भएको देखिन्छ। तसर्थ प्रतिबादीहरु महेश कुमार बस्नेत, अशोक कुमार सुबेदी, सुवर्णराज उपाध्याय, मुरारी भण्डारी, नारायण गिरी, प्रदीप अधिकारी र वावुराम पौडेल समेतको संलग्नतामा Feasibility study Report लाई स्वीकार गरी भएको निर्णयको आधारमा पोखरा क्षेत्रीय अन्तर्राष्टिय बिमानस्थल निर्माण सम्बन्धी खरिद प्रकृया अगाडी बढाई बोलपत्र आह्वान गर्दा स्वीकृत लागत अनुमान १६,९६,९७,०००.०० अमेरीकी डलर भन्दा अस्वभाविक रुपमा लागत अनुमान ७,४३,४३,४५०.०० अमेरीकी डलर (अक्षरेपि सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरीकी डलर) अर्थात रू ८,३६,७३,५५,२९७।५०(अक्षरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैया पचास पैसा) बढाई संशोधन गरी गराई मू.अ.कर समेत २४,४०,४०,४५०.००(अक्षरेपि चौबिस करोड चालिस लाख चालिस हजार चारसय पचास) अमेरीकी डलर लागत कायम गरी गराई बदनियतपुर्बक अस्वभाविक रुपमा बढी मूल्य कायम गरी गराई खरिद कार्यको सम्झौता गरी सोही बमोजिम भुक्तानी लिने दिने कार्य गरी यी प्रतिवादीहरु महेश कुमार बस्नेत, अशोक कुमार सुबेदी, सुवर्णराज उपाध्याय, मुरारी भण्डारी, नारायण गिरी, प्रदीप अधिकारी र वावुराम पौडेल समेत र China CAMC Engineering Co.Ltd समेतलाई गैर कानूनी लाभ एवं सार्वजनिक संस्था नेपाल नागरिक उडडयन प्राधिकरणलाई गैर कानुनी हानी नोक्सानी पुऱ्याएको तथ्य मिसिल संलग्न लिखित प्रमाणहरुवाट स्थापित हुदाँहुदै बदनियतपुर्बक उक्त कसूरजन्य कार्यमा संलग्न यी प्रतिवादीहरुलाई थुनछेकको क्रममा तत्काल प्राप्त प्रमाणको आधारमा थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्नेमा विशेष अदालतवाट उक्त प्रमाणलाई ग्रहण नगरी प्रतिवादी मध्येका प्रदीप अधिकारी र मुरारी भण्डारीको हकमा निजहरु विरुद्धका तत्काल पर्याप्त प्रमाण एवं आरोप दावीको गाम्भिर्यता समेतलाई विचारै नगरी अत्यन्त न्युन धरौटी माग गरी तथा अन्य प्रतिवादीहरुको हकमा साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नेगरी भएको आदेश वेरितको हुँदा बदर भागी छ।<br>• सम्मानित बिशेष अदालतबाट समेत आदेश हुँदा प्रतिबादीहरू अशोक कुमार सुबेदी, सुवर्णराज उपाध्याय, महेश कुमार बस्नेत, नारायण गिरी, मुरारी भण्डारी, प्रदीप अधिकारी र बाबुराम पौडेलसमेतले नेपाल उड्डयन प्राधिकरणका अन्य प्रतिवादी, China airport construction group corporation(CACC) र प्रतिवादी बोलपत्रदाता कम्पनी China CAMC Engineering Co.Ltd का प्रतिनिधिहरू बिच जुलाई ९ देखि १६,२०१३ मा बसेको बैठकमा निर्माण कम्पनी china CAMC Engineering Co.Ltd ले प्रस्तुत गरेको Feasibility study Report लाई Highly appreciated भनी भएको माईन्यूट पुस्तिकामा सही गरेको अबस्था रहेको भन्ने तथ्यलाई स्वीकार गरी सम्झौतामा संलग्न रहेको देखितापनि निर्णय प्रकृयामा संलग्न रहेको अवस्था देखिएन भनी उपरोक्त अनुसारको आदेश गरेको देखिन्छ।जबकी यी प्रतिवादीहरुले गरेको सोही Feasibility study Report को निर्णय/माइन्युट समेतका आधारमा उक्त आयोजनामा अस्वभाविक मूल्य कायम गरी सम्झौता भएको भन्ने मिसिल संलग्न तथ्य प्रमाणबाट स्थापित भएको देखिँदा सोतर्फ नजरअन्दाज गरी आफू कार्यरत सार्वजनिक निकाय प्रति रहेको विश्वासजन्य कर्तब्य (Fiduciary Duty) अन्तर्गत त्यस्तो निकायमा कार्यरत पदाधिकारीले आफुलाई सुम्पिएको अधिकार, पद र जिम्मेवारी निजी स्वार्थमा नलगाई सार्वजनिक संस्था राज्य र जनताको हितमा प्रयोग गर्नु पर्नेमा सार्वजनिक संस्थालाई ठूलो हानी नोक्सानी पुग्ने कुरा जानी बुझी राष्ट्रसेवकले आफ्नो ओहदा र आफ्नो सार्वजनिक पदको विश्वासघात एवं पदको दुरुपयोग गरी (Breach of Trust/Abuse of position) लागत बढाई सार्वजनिक संस्था नेपाल नागरिक उडडयन प्राधिकरणलाई नोक्सानी पुऱ्याउने यी प्रतिवादीहरुलाई साधारण तारेखमा राख्ने गरी भएको आदेश त्रुटिपूर्ण |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बढाउने कार्यमा मिलेमतो गरी उक्त कसूरजन्य कार्यमा प्रत्यक्ष संलग्न भई भूमिका निर्वाह गरेको देखिन्छ। यसरी प्रस्तुत मुद्दामा साबिक देखिका पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण खरिद सम्बन्धी घट्नाक्रमका बारेमा राम्रो जानकारी हेक्का हुदाँ हुदै निज प्रतिवादी कसूरमा संलग्न भई गरेका माथि उल्लिखित कार्य कसूरमा निज प्रतिवादीहरु जानी बुझि संलग्न भएको र सार्वजनिक खरिद ऐन नियमका अनिवार्य पालना गर्नु पर्ने कानूनी प्रक्रियाका विषय सन्दर्भ अध्ययन गरी आफ्नो तहबाट निर्णय प्रक्रियामा संलग्न भई कार्य अगाडि बढाउँदा कानून विपरितका कार्य रोक्नु पर्ने जिम्मेवारी भएका यि राष्ट्रसेवक प्रतिवादीहरु खरिद कार्यको शुरु चरण देखिका कानून विपरितका कार्य कसूर भए गरेको थाहा जानकारी हुँदा हुँदै जानी बुझी बद्नियत राखी यी प्रतिवादीहरुले China CAMC Engineering Co.Ltd. तथा अन्य प्रतिवादीहरुसँग गैरकानूनी स्वार्थ पूरा गर्न मिली सोही अनुरुप मनासिब कारण बिना लागत इष्टिमेट अस्वभाविक रूपमा बढाई संशोधन गरी काम गर्ने गराउने, अस्वभाविक रूपमा बढी मूल्य तिरी खरिद गर्ने गराउने कार्य कसूरलाई यी राष्ट्रसेवकहरुले आफ्नो पद तथा ओहोदाको दुरुपयोग गरी गराई निरन्तरता दिई निजहरु आफू समेत संलग्न रहेको मिसिल संलग्न सवूद प्रमाणबाट पुष्टी भएको देखिन्छ। प्रतिवादीहरुको सोही कार्य कसूरको आधारमा अगाडि बढेको खरिद कारबाहीको परिणामस्वरुप बोलपत्र आह्वान गर्दाको बखत स्वीकृत लागत अनुमान १६,९६,९७,०००.०० अमेरिकी डलर भन्दा अस्वभाविक रुपमा लागत अनुमान ७,४३,४३,४५०.०० अमेरिकी डलर बढाई संशोधन गरी गराई २४,४०,४०,४५०.०० अमेरिकी डलर लागत अनुमान कायम गरी गराई अस्वभाविक रुपमा बढी मूल्य तिरी खरिद कार्यको सम्झौता गरी गराई सोही बमोजिम भुक्तानी लिने दिने कार्य भएको देखिएकोले निज प्रतिवादीहरु अशोक कुमार सुबेदी, सुवर्णराज उपाध्याय, महेश कुमार बस्नेत, मुरारी भण्डारी, नारायण गिरी र वावुराम पौडेलले अन्य राष्ट्रसेवक प्रतिवादीहरु, China CAMC Engineering Co.Ltd. तथा उक्त कम्पनीका पदाधिकारीसँगको मिलेमतो तथा योजनामा आफूसमेतका प्रतिवादीहरुलाई गैरकानुनी लाभ र नेपाल सरकार/सार्वजनिक संस्था/नेपाल नागरिक उड्डयन | | रहेको देखिन्छ। यस्तै प्रतिवादी मध्येका मुरारी भण्डारीलाई उक्त प्राधिकरणको प्राविधिक ईन्जिनियरको हैसियतमा उक्त बिमानस्थलको प्रारम्भिक खरिद प्रकृयामा टेण्डरसँग सम्बन्धित कार्यसमेतमा संलग्न रहेको भनी रू १,००,०००।—(एक लाख) धरौटी माग गरेको देखिन्छ। जबकी प्रतिबादीहरू अशोक कुमार सुबेदी, सुवर्णराज उपाध्याय, महेश कुमार बस्नेत, नारायण गिरी र वावुराम पौडेल सरह नै यी प्रतिबादी मुरारी भण्डारीले समेत china CAMC Engineering Co.Ltd ले पेश गरेको Feasibility study Report लाई उच्च प्रशंसा सहित स्वीकार गरी माइन्युटमा सहिछाप गर्ने कार्य गरी एउटै भुमिकामा रहेको देखिन्छ। यसरी एउटै भुमिकामा रहेका मुरारी भण्डारी समेतलाई सोही विशेष अदालतको १ नं इजलाशवाट धरौटी माग गर्ने आदेश भई सकेको परिपेक्ष्यमा सोही अदालतवाट सोही हैसियतका पछी अदालतमा उपस्थित भएका प्रतिबादीहरू अशोक कुमार सुबेदी, सुवर्णराज उपाध्याय र महेश कुमार बस्नेतलाई सोही अदालतको २ नं इजलाशवाट साधारण तारिखमा राखे गरी आदेश हुनुले न्यायीक सुशासन र अपेक्षित न्यायका दुबै मान्य सिद्धान्त विपरीत आदेश भएको प्रष्टै देखिएको छ।<br>• यसैगरी समानस्तरका प्रतिवादी मुरारी भण्डारी समेतलाई धरौटी माग गर्ने आदेश गर्ने गरी १ नं इजलाशवाटै आदेश भई सकेको स्थितिमा सोही स्तरका पछीवाट उपस्थित भएका प्रतिवादी नारायण गिरी र वावुराम पौडेललाई साधारण तारिखमा राखे गरी आदेश गर्नु थुनछेक सम्वन्धी सामान्य सिद्धान्त विपरीत रही बेरितको आदेश भएको तथ्य स्थापित भएको छ। यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट ने.का.प. २०५२ अंक ६ निर्णय नं. ६०१६ (मान बहादुर तामाङ बि. काठमाण्डौ जिल्ला अदालत समेत भएको) र ने.का.प. २०५४ अंक अंक ७ नि.नं. ६४०४ (काली प्रसाद खनाल समेत बिरुद्ध जिल्ला सरकारी वकील कार्यालय इनरुवा) मुद्दामा "वारदातमा समान तथ्य र परिस्थिति भएको तथा समान संलग्नता भएका प्रतिवादीहरुको हकमा समान आदेश हुनुपर्ने" भनी सिद्धान्त प्रतिपादन भएको हुँदा उक्त नजिर सिद्धान्त समेतलाई अनुसरण गरी आदेश गर्नु पर्नेमा यसरी समान तथ्य भएको मुद्दामा केही प्रतिबादीहरुको हकमा निज प्रतिवादीहरुलाई हुन सक्ने कैद तथा जरिवाना सजाय र हानी नोक्सानीको बिगो समेतलाई नजरअन्दाज गरी अत्यन्त न्यून धरौटी माग गर्ने र सोही हैसियतमा रहेका केही प्रतिबादीहरूको हकमा साधारण तारेखमा राखे गरी भएको आदेशले न्यायीक सुशासन र जनविश्वासमा समेत आघात पुग्न सक्ने तर्फ विचारै नगरि भएको विशेष अदालतको आदेश बेरितको देखिंदा उक्त आदेश बदर गरी यी प्रतिबादीहरूलाई विशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ङ) अनुसार थुनामा राखि मुद्दाको पुर्पक्ष गरी पाउँ।<br>• प्रतिबादी प्रदीप अधिकारीले अनुसन्धानको क्रममा अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा Contract Agreement Draft Negotiation Committee महानिर्देशकले गठन गर्नु भएकोले कमिटिमा आमन्त्रितको रूपमा सहभागी भएको तथ्यलाई स्वीकार गरेको देखिन्छ। निजले अदालतमा बयान गर्दा पोखरा बिमानस्थल निर्माण सम्बन्धी एउटा बैठकमा सहभागी भएको र प्राधिकरणका सबै परामर्श सम्बन्धी कार्य त्रिभुवन बिश्वबिद्यालय पुल्चोक क्याम्पसलाई दिने भनी प्राधिकरण संचालक समितिको निर्णय अनुसार Review Report माग गर्न पत्राचार गरेको तथ्यलाई समेत स्वीकार गरी बयान गरेको देखिन्छ। **प्रतिवादी मुरारी भण्डारीले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा** Parameter लाई Elaborate गर्नेगरी China CACC का Expert सँग छलफल गर्ने कार्यक्रममा सहभागी भएको र उक्त छलफलले बिमानस्थल निर्माणमा Tender document मा उल्लेख गरिएको Feasibility Study Report चिनिया पक्षले पेस गरेको र छलफल गरेको हो भनी उक्त बैठकमा सहभागी भई निर्णय गरेको तथ्यलाई स्वीकार गरेको देखिन्छ भने निजले अदालतमा बयान गर्दा समेत पोखरा क्षेत्रीय बिमानस्थल निर्माण गर्न खरिद प्रकृयासँग सम्बन्धित शुरूको कार्यसम्म मात्र गरेको भन्ने समेत ब्यहोरा उल्लेख देखितापनि China CAMC Engineering Co.Ltd. बाट पेश भएको Feasibility study को बैठकमा उपप्रबन्धक ईन्जिनियरको हैसियतले सहभागी भई निर्णयमा सहीछाप गरेको तथ्य पुष्टी भएको छ। **महेश कुमार वस्नेतले अनुसन्धानको क्रममा बयान गर्दा** पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय बिमानस्थल निर्माण सम्बन्धमा मिति |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्राधिकरणलाई हानी नोक्सानी पुऱ्याउने बदनियतले लागत इष्टिमेट अस्वभाविक रूपमा बढाई संशोधन गरी काम गरे गराएको, सोही बढी दायित्व बहन गर्नुपर्ने गरी खरिद कार्यको सम्झौता गरी गराई सोही आधारमा अस्वभाविक रुपमा बढी मूल्य तिरी खरिद गरी गराई सोही बमोजिम भुक्तानी भएको देखिदा प्रतिबादीहरू अशोक कुमार सुबेदी, सुबर्णराज उपाध्याय, महेश कुमार बस्नेत, मुरारी भण्डारी, नारायण गिरी र वाबुराम पौडेलको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (घ), (ङ) र (ञ) विपरीतको कसूर भएको हुँदा निज प्रतिवादीहरु, महेश कुमार बस्नेत, अशोक कुमार सुवेदी, सुवर्णराज उपाध्याय, मुरारी भण्डारी, नारायण गिरी र वावुराम पौडेललाई बिगो ७,४३,४३,४५०.०० अमेरिकी डलर (अक्षरेपि सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर) अर्थात नेपाली रकम रु.८,३६,७३,५५,२९७।५०(अक्षरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना सजाय गरी बिगो असुल उपर हुन मागदाबी लिइ बिशेष अदालतमा आरोपपत्र दायर गरिएको अवस्था छ।<br>**थुनछेक आदेश**<br>• प्रतिबादी मध्येका प्रदीप अधिकारीको हकमा रू ५,००,०००।—(पाँच लाख) र मुरारी भण्डारीबाट रू १,००,०००।—(एक लाख) नगद धरौटी वा सो बाराबरको बैंक जमानत दिई लिई निज प्रतिबादीहरूलाई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने र धरौटी रकम र बैंक जमानत नदिए बिशेष अदालत नियमावली, २०८० को नियम ३० को उपनियम (२) बमोजिम थुनुवा पूर्जि दिई थुनामा राख्न सम्बन्धित कारागारमा पठाईदिने गरी र प्रतिबादीहरू अशोक कुमार सुबेदी, सुवर्णराज उपाध्याय, महेश कुमार बस्नेत, नारायण गिरी र वावुराम पौडेललाई बिशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ग) बमोजिम साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी आदेश भएको अवस्था देखिन्छ। | | २०६८।०९।०१ मा China CAMC Engineering Co.Ltd बाट क्षेत्रीय अन्तर्राष्ट्रिय बिमानस्थलको धावनमार्गको Power Point बिबरण प्रस्तुत गरी Design हरू देखाएकोमा प्रधान कार्यालय ए.टि.सी. बिभागको एयर स्पेस डिबिजन हेर्ने प्रमुखको रूपमा मिटिङमा सामेल भएको तथ्य उल्लेख गरेको देखिन्छ भने अदालतमा बयान गर्दा लागत अनुमान स्वीकृत गर्ने मेरो भुमिका होईन भनी कसूरमा इन्कार रहेतापनि दातृ निकायसँगको Feasibility study को बैठकमा उपनिर्देशकको हैसियतले सहभागी भई निर्णयमा सहीछाप गरेको तथ्यलाई ईन्कार गर्न सकेको देखिदैन। **प्रतिबादी अशोक कुमार सुबेदी, सुबर्णराज उपाध्याय र महेश कुमार वस्नेत अनुसन्धानको क्रममा** अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उपस्थित नै नभएको, निजको नामको म्याद तामेल रितपूर्वक तामेल भएको, निजले बिशेष अदालतमा बयान गर्दा कसूरमा ईन्कार रही बयान गरेपनि पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा दातृ निकायको सहकार्यमा Feasibility Study भईरहेकोले प्राधिकरणको महानिर्देशकबाट ड्राफ्ट उपर प्रस्तुतीकरण हुने भनी जानकारी तथा बैठकमा सहभागी हुन Air Navigation Services Safety standard Department बाट बोलावट भएकोले गएकोसम्म हो भनी बैठकमा सहभागी भएको र हस्ताक्षर गरेको तथ्यलाई स्वीकार गरेको देखिन्छ। यसैगरी **प्रतिवादी नारायण गिरि र बाबुराम पौडेलले बयान गर्दा** कसूरमा ईन्कार भएतापनि निज प्रतिवादीहरुले China CAMC Engineering Co.Ltd ले पेश गरेको Feasibility Study Report को बैठकमा उपनिर्देशक/निर्देशकको हैसियतले सहभागी भई निर्णयमा सहीछाप गरेको तथ्यलाई ईन्कार गर्न सकेको देखिँदैन। यसरी यी प्रतिवादीहरुले बयान गर्दा कसूरमा इन्कार रहेतापनि निजहरुले सहीछाप गरेको माईन्युट हेर्दा विभिन्न चरणमा रही China CAMC Engineering Co.Ltd ले पेश गरेको Feasibility Study Report लाई उच्च प्रशंसा सहित स्वीकार गरी निमार्ण कार्यको लागत बढाउने कार्यमा संलग्न रहेको तथ्य स्थापित भई रहेको अवस्थामा उक्त तथ्यलाई आदेशमा स्वीकार गरी निज प्रतिवादीहरुले Feasibility Study Report लाई Highly appreciated भनी भएको माईन्युट पुस्तिकामा हस्ताक्षर सम्म गरेको देखिएपनि लागत स्विकृत गर्ने लगायत संझौताको अन्य कुनै पनि प्रक्रियामा संलग्न रहेको देखिएन भन्ने तर्क गरी थुनछेकवाट उन्मुक्ति दिने उदेश्यले मिसिल संलग्न प्रमाणहरुलाई नजरअन्दाज गरी साधारण तारिख तथा न्युन धरौटी माग गरी भएको आदेश त्रुटीपुर्ण हुदाँ वदर भागी छ। यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट अपराध कसुर गर्नको लागि "पिरामिड शैलीमा" तहगत जिम्मेवारी वहन गरेकोमा एउटा तहलाई जिम्मेवार बनाउने र सोही कार्यमा संलग्न अर्को तहलाई उन्मुक्ति दिने कार्य गर्न नपाइने भनी मन्त्रालयस्तरमा सो निर्णय गर्न किटानी प्रस्ताव पेश गर्ने वा प्रस्तावमा संलग्न माथिल्लो तहको पदाधिकारी वा अधिकारीको पदसोपान (अनुसन्धानकर्ताको सवाल वमोजिमको पिरामिडको माथिल्लो तह) बाट समेत गरी अव उप्रान्तको थप अनुसन्धान कार्य अबिलम्ब सम्पन्न गर्नु गराउनु भनी मुद्दा नं.०८०-WH-००१५ को प्रकरण नं.२६ मा सिद्धान्त प्रतिपादन भएको परिप्रेक्ष्यमा China CAMC Engineering Co.Ltd ले पेश गरेको २६४.९५८ मिलियन अमेरीकी डलर लागत लाग्ने भन्ने समेत उल्लेख भएको Feasibility Study Report मा छलफल एवं सहमति गरेका यी प्रतिवादीहरु महेश कुमार बस्नेत, अशोक कुमार सुवेदी, सुवर्णराज उपाध्याय, नारायण गिरी, बाबुराम पौडेल, मुरारी भण्डारी र प्रदीप अधिकारी समेतको माइन्युट कै आधारमा प्रतिवादी निज प्रदीप अधिकारीले Draft Commercial Agreement लाई अन्तिम स्वरुप दिई China CAMC कम्पनीसँग २९ अप्रिल-६ मे २०१४ (२०७१/०१/१६-२३ सम्म) पटक पटक वार्ता गरी २१५.९६५ मिलियन अमेरिकी डलर (भ्याट बाहेक) सम्झौता रकम कायम गरी सम्झौता गर्न सिफारिस सहित मिति २०७१/०१/२३ मा प्रतिवेदन पेस गरेकोले लागत बढाउने कार्यमा निज प्रतिवादीहरुको प्रत्यक्ष संलग्नता रहेको तथ्यमा कुनै विवाद रहेको देखिँदैन। यसरी प्रतिवादीहरु विच उल्लिखित कार्य कसूरमा साझा अवधारणा र गैर कानूनी लाभ समेतका विषयमा मिलेमतो गरी सार्वजनिक संस्था नेपाल नागरिक उडडयन प्राधिकरणलाई हानी नोक्सानी पुग्ने कुराको जानकारी निज उल्लिखित प्रतिवादीहरुलाई हुदाँ हुदै निजहरुले गरेको कसूरजन्य कार्य थप पुष्टी भई रहेको देखिंदा देखिँदै उक्त तथ्य एवं नजिर सिद्धान्त |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | विपरीत गई प्रतिवादीहरुलाई साधारण तारिखमा राख्ने गरी भएको आदेश स्वतः बदर भागी छ।<br>• नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन उपनिर्देशक नारायण गिरी, तत्कालीन उपनिर्देशक महेश कुमार बस्नेत, उपनिर्देशक बाबुराम पौडेल, उपनिर्देशक अशोक कुमार सुवेदी, प्रवन्धक मुरारी भण्डारी र उपनिर्देशक सुवर्णराज उपाध्याय समेतले नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ ले गरेका कानुनी प्रवन्धहरुको ठाडै उल्लंघन गरी कसूरजन्य कार्य गरेको देखिन्छ। उक्त ऐनका कानूनी व्यवस्था हेर्दा उक्त ऐनको दफा ९(४) मा प्राधिकरणले आवश्यकतानुसार अन्य सल्लाहकार तथा कर्मचारीहरु नियुक्त गर्न सक्ने भन्ने भन्ने कानूनी व्यवस्था र यसैगरी उक्त ऐनको दफा ८ मा  भएको अधिकार प्रत्यायोजन समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकार आवश्यकतानुसार समितिको कुनै सदस्य, प्राधिकरणको महानिर्देशक वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ भन्ने समेतका कानुनी प्रावधान बमोजिम सञ्चालक समिति तथा महानिर्देशक समेतबाट प्रत्यायोजित अधिकार बमोजिम जिम्मेवारी बहन गरेको देखिन्छ। यसरी प्रत्यायोजित अधिकारको प्रयोग उल्लिखित प्रतिवादीहरुले गर्दा तथा अन्य कार्य तथा निर्देशन कानुन बमोजिम गर्नुपर्ने दायित्व समेत बहन गर्दा आफ्नो पदीय जिम्मेवारी अनुरुप गरेको देखिदैन। यसरी प्रस्तुत खरिदमा निज प्रतिवादीहरु नारायण गिरी, महेश कुमार बस्नेत, बाबुराम पौडेल, अशोक कुमार सुवेदी मुरारी भण्डारी र सुवर्णराज उपाध्यायलाई निजहरुको पदीय जिम्मेवारीका आधारमा कानूनले नै उत्तरदायी बनाएको देखिन्छ। प्रतिवादीहरु नारायण गिरी, महेश कुमार बस्नेत, बाबुराम पौडेल, अशोक कुमार सुवेदी, मुरारी भण्डारी र सुवर्णराज उपाध्यायले बदनियत राखी आफ्नो पद तथा ओहोदाको दुरुपयोग गरी गराई मूल्याङ्कन समितिले कुनै पनि बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही नरहेका भनी प्रतिवेदन दिएकोमा उक्त बोलपत्रहरु उपर कुनै कारबाही गर्नु नपर्ने बाध्यकारी कानुनी प्रावधान विपरीत हुने गरी लागत बढाउने योजना सहित China CAMC Engineering Co.Ltd. कै संलग्नतामा परियोजनाको लागत बढाउने गरी पेस हुन आएको Feasibility Study Report माथि जुलाई ९-१६,२०१३ सम्म China CAMC कै प्रतिनिधिसँग छलफल/बैठक गरी सो Feasibility Study Report लाई स्वीकार गरी लागत बढाउने कार्यमा मिलेमतो गरी भूमिका निर्वाह गरेको देखिन्छ। यसरी यी प्रतिवादीहरुले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण खरिद सम्बन्धी घट्नाक्रमका र विषय सन्दर्भ अध्ययन गरी आफ्नो तहबाट निर्णय प्रक्रियामा संलग्न भई कार्य अगाडि बढाउँदा खरिद कार्यको शुरु चरण देखिका कार्य कसूर भए गरेको थाहा जानकारी हुँदाहुँदै जानी बुझी बद्नियत राखी यी प्रतिवादीहरुले China CAMC Engineering Co.Ltd., तथा अन्य प्रतिवादीहरुसँग गैरकानूनी स्वार्थ पूरा गर्न मिली सोही अनुरुप मनासिब कारण बिना लागत इष्टिमेट अस्वभाविक रूपमा बढाई संशोधन गरी काम गर्ने गराउने, अस्वभाविक रूपमा बढी मूल्य तिरी खरिद गर्ने गराउने कार्य कसूरलाई यी राष्ट्रसेवकहरुले आफ्नो पद तथा ओहोदाको दुरुपयोग गरी गराई निरन्तरता दिई निज आफूहरु समेत संलग्न भएको र यी प्रतिवादीहरुले स्वीकृत लागत अनुमान १६,९६,९७,०००.०० अमेरिकी डलर भन्दा अस्वभाविक रुपमा लागत अनुमान ७,४३,४३,४५०.०० अमेरिकी डलर बढाई संशोधन गरी गराई २४,४४,५०,०४०.०० अमेरिकी डलर लागत अनुमान कायम गरी गराई अस्वभाविक बढी मूल्य तिरी खरिद कार्यको सम्झौता गरी गराई सोही बमोजिम भुक्तानी लिने दिने कार्य भएकोले निज प्रतिवादीहरु बाबुराम पौडेल, नारायण गिरी, महेश कुमार बस्नेत, अशोक कुमार सुवेदी, मुरारी भण्डारी र सुवर्णराज उपाध्यायलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (घ), (ङ) र (ज) विपरीतको कसूरमा बिगो ७,४३,४३,४५०.०० अमेरिकी डलर (अक्षेरेपि सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर) अर्थात नेपाली रकम रु.८,३६,७३,५५,२९७।५०(अक्षेरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना सजाय गरी बिगो असुल उपर हुन मागदाबी लिइ आरोप पत्र दायर भएको देखिन्छ भने नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन उपप्रबन्धक एवं |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्राधिकरणका हाल निलम्बित महानिर्देशक प्रतिवादी प्रदीप अधिकारीको हकमा हेर्दा निज साबिक देखि नै पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण खरिद सम्बन्धी कार्यमा संलग्न भई गरेका माथि उल्लिखित कार्य कसूरमा संलग्न हुँदा र विषय सन्दर्भ अध्ययन गरी आफ्नो तहबाट निर्णय प्रक्रियामा संलग्न भई कार्य अगाडि बढाउँदा खरिद कार्यको शुरु चरण देखिका कार्य कसूर भए गरेको थाहा जानकारी हुँदाहुँदै जानी बुझी बद्नियत राखी यी प्रतिवादीले China CAMC Engineering Co.Ltd., तथा अन्य प्रतिवादीहरुसँग गैरकानूनी स्वार्थ पूरा गर्न एक आपसमा मिलेमतो गरी सोही अनुरुप मनासिब कारण बिना लागत इष्टिमेट अस्वभाविक रूपमा बढाई संशोधन गरी काम गर्ने गराउने, अस्वभाविक रूपमा बढी मूल्य तिरी खरिद गर्ने गराउने कार्य कसूरलाई निज राष्ट्रसेवक प्रदिप अधिकारीले आफ्नो पद तथा ओहोदाको दुरुपयोग गरी गराई निरन्तरता दिई निज आफू समेत संलग्न रहेको मिसिल संलग्न एवं माथि उल्लिखित एवं विवेचित सबूद प्रमाणबाट पुष्टी भएको देखिन्छ। प्रतिवादी प्रदिप अधिकारीको सोही कार्य कसूरको आधारबाट बोलपत्र आह्वान गर्दाको बखत स्वीकृत लागत अनुमान १६,९६,९७,०००.०० अमेरिकी डलर भन्दा अस्वभाविक रुपमा लागत अनुमान ७,४३,४३,४५०.०० अमेरिकी डलर बढाई संशोधन गरी गराई २४,४०,४०,४५०.००(चौबिस करोड चालिस लाख चालिस हजार चारसय पचास अमेरीकी डलर) अमेरिकी डलर लागत अनुमान कायम गरी गराई अस्वभाविक बढी मूल्य तिरी खरिद कार्यको सम्झौता गरी गराई सोही बमोजिम भुक्तानी लिने दिने कार्य भएकोले निज प्रतिबादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (घ), (ङ) र (ज) विपरीतको कसूरमा बिगो ७,४३,४३,४५०.०० अमेरिकी डलर (अक्षरेपि सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर) अर्थात नेपाली रकम रु.८,३६,७३,५५,२९७।५०(अक्षरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना सजाय गरी बिगो असुल उपर हुन मागदाबी लिइ आरोप पत्र दायर गरिएको देखिंदा यी प्रतिवादीहरुको हकमा विशेष अदालतवाट थुनछेक आदेश गर्दा अपराधको प्रकृति र गाम्भिर्यता, कसूरमा प्रतिवादीहरुको संलग्नता, कसूर गर्दाको परिस्थिति, प्रतिवादीहरुले प्रमाण लोप गर्न र नयाँ कृतिम प्रमाण सृजना गर्न सक्ने अवस्था, पीडित तथा साक्षीको सुरक्षा, घटनाले समाजमा परेको प्रभाव एवं सामाजिक आक्रोश, अदालतमा प्रतिवादीहरुको उपस्थितीको सुनिश्चितता, निजहरुलाई हुन सक्ने सजाय एवं फैसला कार्यान्वयनको अवस्था, स्वेच्छाचारी सरकारी काम कारवाहीको नियन्त्रण समेतका सिद्धान्तलाई मध्यनजर गरी सोमा अनुपातिक न्याय (Proportionality), प्रतिवादीहरुको कसूरमा सम्लग्नता र निजहरु विरुद्धको प्रमाण बीच समान ब्याख्या एवं मूल्याङ्कन कायम गरी थुनछेक आदेश गर्नु पर्नेमा प्रतिवादी विरुद्धका प्रमाण एवं निजले स्वीकार गरेको तथ्यलाई नजरअन्दाज गरी हचुवा रुपमा केही प्रतिवादीहरुको हकमा विगोको तुलनामा अत्यन्त न्युन धरौटी माग गर्ने तथा अन्य केही प्रतिवादीहरुको हकमा साधारण तारेखमा राख्ने गरी भएको विशेष अदालतको उल्लिखित थुनछेक आदेश प्रारम्भिकरुपमै वेरितको देखिंदा बदर भागी छ।<br>• अपराध कसुर गर्नको लागि "पिरामिड शैलीमा" तहगत जिम्मेवारी वहन गरेकोमा एउटा तहलाई जिम्मेवार बनाउने र सोही कार्यमा संलग्न अर्को तहलाई उन्मुक्ति दिने कार्य गर्न नपाइने भनी मन्त्रालयस्तरमा सो निर्णय गर्न किटानी प्रस्ताव पेश गर्ने वा प्रस्तावमा संलग्न माथिल्लो तहको पदाधिकारी वा अधिकारीको पदसोपान (अनुसन्धानकर्ताको सवाल वमोजिमको पिरामिडको माथिल्लो तह) बाट समेत गरी अव उप्रान्तको थप अनुसन्धान कार्य अबिलम्ब सम्पन्न गर्नु गराउनु (मुद्दा नं.०८०-WH-००१५ को प्रकरण नं.२६) भनी सम्मानीत सर्वोच्च अदालतवाट आदेश जारी भएको परिप्रेक्ष्यमा हेर्दा त्यस्तो पिरामिडको माथिल्लो र तल्लो दुवै तहलाई सो आदेशको भावना अनुकुल अनुसन्धान गरी न्यायको रोहमा आरोपदावी लिई कानूनी दायरामा ल्याइएकोमा यी प्रतिवादीहरु महेश कुमार बस्नेत, अशोक कुमार सुवेदी, सुवर्ण राज उपाध्याय, नारायण गिरी, मुरारी भण्डारी र प्रदीप अधिकारी समेतले China CAMC Engineering Co.Ltd ले पेश गरेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | २६४.९५८ मिलियन अमेरीकी डलर लागत लाग्ने भन्ने समेत उल्लेख भएको Feasibility Study Report मा सहमति एवं छलफल गरेको र सोही Feasibility Study Report ले परियोजनाको लागत बढाउन प्रत्यक्ष रुपमा भूमिका खेलेको तथ्यलाई नजरअन्दाज गर्न मिल्ने देखिँदैन। त्यस्तै, प्रतिवादी निज प्रदीप अधिकारीले Draft Commercial Agreement लाई अन्तिम स्वरुप दिन China CAMC कम्पनीसँग २९ अप्रिल-६ मे २०१४ (२०७१/०१/१६-२३ सम्म) पटक पटक वार्ता गरी २१५.९६५ मिलियन अमेरिकी डलर (भ्याट बाहेक) सम्झौता रकम कायम गरी सम्झौता गर्न सिफारिस सहित मिति २०७१/०१/२३ मा प्रतिवेदन पेस गरेकोले लागत बढाउने कार्यमा निजको थप संलग्नता पुष्टी हुने उक्त तथ्य र सवूद प्रमाणलाई गौण मूल्याङ्न गर्न मिल्ने अवस्था समेत देखिँदैन। यसर्थ विशेष अदालतबाट भएको उक्त आदेश सरासर कानून र न्यायका मान्य सिद्धान्त विपरीत हुँदा बदरभागी छ।<br>• थुनछेक आदेशका सन्दर्भमा विशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ग) मा मुद्दाको कुनै पक्षलाई तारिखमा राखी पुर्पक्ष गर्ने वा आवश्यक परेका बखत झिकाउने वा खास समयमा हाजिर हुने गरी तारेखमा नराखी पुर्पक्ष गर्ने, देहाय (घ) मा तत्काल प्राप्त प्रमाणबाट कुनै अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नुपर्ने नदेखिएमा निजसँग निजले हानी नोक्सानी गरेको बिगो वा गैरकानूनी रुपमा लिएको रकम र निजलाइ हुन सक्ने कैद र जरिवाना समेतलाई दृष्टिगत गरी धरौटी वा जमानत माग्ने, देहाय (ङ) मा तत्काल प्राप्त प्रमाणका आधारमा अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नुपर्ने पर्याप्त र मनासिब कारण भएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि निजलाइ थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने कानूनी व्यवस्था रहेको देखिन्छ भने विशेष प्रकृतिको कसूर भ्रष्टाचार मुद्दामा बिशेष प्रकृतिको कार्यबिधि नै पालना गर्नु पर्ने विधायिकिय मनसाय रहेको देखिन्छ। उपरोक्त कानूनी व्यवस्था अनुसार थुनछेक आदेश गर्दा तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा; (Prima facie Evidence), प्रमाण ऐन २०३१ को दफा १८ र विशेष अदालत ऐन २०५९ को दफा ७ को देहाय (घ) र (ङ) मा उल्लेख भए अनुसार कानून बमोजिम अधिकार प्राप्त अधिकारीले संकलन गरेका प्रमाणहरु अदालतमा विधि सम्मत रुपमा प्रस्तुत भई कानून बमोजिम अधिकार प्राप्त अधिकारीले संकलन गरेका सवै प्रमाणहरु तत्काल प्राप्त प्रमाण हुने र ति प्रमाणका आधारमा कसूरदार हो भन्ने विश्वास गर्नसक्ने मनासिब आधार भएमा न्यायिक मूल्याङ्कन गर्नुपर्ने गरी कानूनमा न्यायिक अधिकारीलाई स्पष्ट गरको देखिन्छ। यसरी मनासिव आधार बस्तुनिष्ट, विश्वासनिय, स्वतन्त्र, निर्विवाद र स्वयंसिद्ध प्रमाणबाट पुष्टि हुनुपर्ने, प्रमाण स्वतन्त्र निष्पक्ष तवरवाट प्रक्रिया सम्मत तरिकाले (Due process of law) संकलन भएको हुनुपर्ने अवस्थालाई कानून मै उल्लेख भए बमोजिम प्रस्तुत मुद्दामा आरोपत्रसाथ पेश भएका सवूद प्रमाणलाई विशेष अदालतबाट थुनछेक आदेश गर्दा न्यायिक तवरले अध्ययन ब्याख्या विश्लेषण भएको देखिदैन। बिधायिकाले कानून निर्माण गर्दा जघन्य अपराधमा कुनै पनि अभियुक्तलाई मुद्दाको पुर्पक्षको लागी थुनामा नै राखेर मुद्दाको कारवाही गर्नु पर्छ भन्ने मनसाय रहेको देखिन्छ भने गम्भिर प्रकृतिको अपराधमा केबल आर्थिक धरौटीको माध्यमबाट स्वतन्त्रता दिँदा समाजमा गलत सन्देश जाने र बिधिको शासन कमजोर हुन्छ। समाज र राष्ट्रलाई गम्भीर असर पार्ने कसूरमा तत्काल प्रमाणबाट कसूरदार पुष्टि भएको अभियुक्तहरूलाई निर्दोषताको अनुमानका आधारमा छोड्दै जाने हो भने फौजदारी न्याय ब्यबस्था सञ्चालन हुन नसक्ने अवस्था पैदा हुन सक्छ। यसै सन्दर्भमा सम्मानित सर्बोच्च अदालतबाट “समाज र राष्ट्रलाई गम्भीर असर पार्ने फौजदारी कसूर गरेको आरोप लागी अदालत समक्ष पेश गरिएका र तत्काल प्राप्त प्रमाणबाट सो अबस्था पुष्टि भएका अभियुक्तहरूलाई निर्दोषिताको अनुमानको आडमा छाड्दै जाने हो भने फौजदारी न्याय प्रशासनले कार्य गर्न नसक्ने भनी ने.का.प २०६६ क ८ नि.नं. ८२०२ मा नजिर सिद्धान्त समेत प्रतिपादन भएको देखिंदा सार्वजनिक निकाय नेपाल नागरिक उडडयन प्राधिकरणलाई रु.७४,३४३,४५०.०० अमेरिकी डलर (अक्षरेपि सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर)अर्थात रु.८,३६,७३,५५,२९७।५० (अक्षरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) नोक्सानी पुर्याउने यि |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | प्रतिबादीहरू महेश कुमार बस्नेत अशोक कुमार सुवेदी, सुवर्ण राज उपाध्याय, नारायण गिरी, मुरारी भण्डारी र प्रदीप अधिकारीलाई निजहरु विरुद्धका उपरोक्त उल्लिखित तत्काल प्राप्त प्रमाण र कसूरदार हो भन्ने मनासिब आधारहरुको विश्लेषण गरी विशेष अदालत ऐन २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम पुर्पक्षको क्रममा थुनामा राखी मुद्दाको कारवाही हुनुपर्नेमा प्रतिबादीहरू महेश कुमार बस्नेत, अशोक कुमार सुवेदी, सुवर्ण राज उपाध्याय, नारायण गिरी र वावुराम पौडेललाई साधारण तारेखमा राख्ने र प्रतिवादी मुरारी भण्डारी र प्रदीप अधिकारीलाई न्यून धरौटी माग गर्ने गरी भएको विशेष अदालतको उक्त आदेश बेरितको देखिदा बदरभागी रहेको छ।<br>• अतः माथि बिबेचित आधार, कारण, कानूनी व्यवस्था एवं नजिर सिद्धान्त समेतका आधारमा यी प्रतिबादीहरू महेश कुमार बस्नेत, अशोक कुमार सुवेदी, सुवर्णराज उपाध्याय, नारायण गिरी, वावुराम पौडेल, मुरारी भण्डारी र प्रदीप अधिकारी समेतले नेपाल सरकार, सार्बजनिक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरणलाई बदनियतपूर्वक रु.७,४३,४३,४५०.०० अमेरिकी डलर (अक्षरेपि सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर)अर्थात रु.८,३६,७३,५५,२९७।५० (अक्षरेपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रुपैयाँ पचास पैसा) नोक्सानी पुर्याएको तथ्य तत्काल प्राप्त प्रमाणबाट पुष्टि भएको देखिदा निज प्रतिबादीहरूलाई विशेष अदालत ऐन २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम पुर्पक्षको क्रममा थुनामा राखि मुद्दाको कारवाही हुनु पर्नेमा निज प्रतिवादीहरु विरुद्धका उपरोक्त उल्लिखित तत्काल प्राप्त प्रमाण र कसूरदार हो भन्ने मनासिव आधारहरुको विश्लेषण नगरि प्रतिबादीहरू महेश कुमार बस्नेत, अशोक कुमार सुवेदी, सुवर्ण राज उपाध्याय, नारायण गिरी र वावुराम पौडेललाई साधारण तारेखमा राख्ने र प्रतिवादी मुरारी भण्डारीको हकमा रु.१०००००।- र प्रतिवादी प्रदीप अधिकारीको हकमा रु.५०००००।- न्यून धरौटी माग गर्ने गरी भएको उक्त आदेश बेरितको देखिंदा सो वेरितको आदेश बदर गरी प्रतिवादीहरुलाई विशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गरिन्छ। |